# ३८

# दिगो विकास: नयाँ भिक्षापात्र कि साँच्चैको विकास ?

**राजेश घिमिरे र अर्जुन ढकाल**

मुलुक यतिबेला अशान्त छ। सरकारद्वारा आतङ्कवादी घोषित माओवादी र सुरक्षा सेनाबीच सशस्त्र भिडन्तका कारण आमजनता पीडित छन्। उनीहरूमा विकासतिरको चाहनाभन्दा आत्मसुरक्षाको चाहना बढ्ता छ। त्यसमाथि स्वास्थ्य चौकी, खानेपानी, विद्यालयलगायत विकासका पूर्वाधारहरूमाथि नै माओवादीहरूले आक्रमण गरिहेका छन् र ध्वस्त बनाइरहेका छन्। यस्तो परिस्थितिमा श्री ५ को सरकारले विभिन्न दातृ संस्थाहरूको सहयोगमा नेपालको दिगो विकासका एजेन्डाहरूलाई मस्यौदाका रूपमा सार्वजनिक गरेको छ। तर यसमा देशको समसामयिक परिस्थितिबारे एक शब्द पनि उल्लेख छैन।

मुलुकमा शान्ति सुव्यवस्था नभएमा विकास नै सम्भव छैन भने दिगो विकासको परिकल्पना त धेरै टाढाको कुरा हो। मूलत: ब्रजिलको रियो द जेनेरियोमा सन् १९९२ मा भएको वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्र सङ्घीय सम्मेलन (पृथ्वी वा रियो सम्मेलन)मा नेपालले व्यक्त गरेका प्रतिबद्धता पूरा गर्न नै दिगो विकासका यी एजेन्डालाई अगाडि ल्याउन लागिएको छ। 'जब भयो राती अनि बूढी ताती' भनेझैं विगत दश वर्षमा कुनै चासो नदिइएको यो एजेन्डालाई यो वर्ष नै तयार गर्न खोजिएको हो। त्यसैले हतारमा लतार पनि भएको छ।

एजेन्डाले पूर्ण रूप लिएमा यो नेपालका लागि विकासको संविधान हुनेछ र भविष्यमा हरेक योजना यो एजेन्डामा आधारित भएर बनाउनुपर्ने हुन्छ। नेपालको भविष्य निर्धारण गर्ने यो एजेन्डाका बारेमा पर्याप्त सरसल्लाह हुनुपर्ने हो। तर यो एजेन्डा तयार गर्दा केही बैठकहरूमा मात्र सरोकारवालाहरूसँग सरसल्लाह गरिएका थिए। यो मस्यौदा पत्रको सबैभन्दा ठूलो कमजोरी यो अङ्ग्रेजीमा मात्र उपलब्ध हुनु हो। त्यसैले अङ्ग्रेजी भाषासम्म पहुँच नहुने नेपाली जनता र नागरिक समाज नेपालको भविष्य निर्माणको यो प्रक्रियाबाट अलग बनाइएका छन्।

*हाका-हाकी,* ५(२): ७-१४, साउन २०५९ मा प्रकाशित।

नेपालको भविष्य निर्माणको यो दस्तावेज मूलतः रियो सम्मेलनमा गरिएको प्रतिबद्धतास्वरूप यो भदौमा दक्षिण अफ्रिकाको जोहानसवर्गमा हुने दिगो विकासका लागि विश्व सम्मेलनमा प्रस्तुत गर्न सरकार बाध्य पनि छ। नेपालको असहज आन्तरिक परिस्थिति र नेपाली शासकहरूको दरिद्र मानसिकताका कारण पनि दिगो विकासको यो मस्यौदा एजेन्डा नेपालको भविष्य निर्माणको महत्वपूर्ण दस्तावेजको सट्टा भिक्षापात्र बनेको छ ।

## के हो दिगो विकास ?

हालको विकासे राजनीतिमा सबैभन्दा प्रचलित शब्द हो, दिगो विकास। कुन चरीको नाम हो, दिगो विकास ? कसका लागि हो दिगो विकास ? दोस्रो विश्वयुद्धअघिसम्म कसैलाई पृथ्वीको क्षमता र यसको भविष्यबारेमा सोच्ने फुर्सद थिएन। धनी राष्ट्रहरूको अत्यधिक उपभोग गर्ने जीवनशैली, स्रोतको दुरुपयोग, जनसङ्ख्या वृद्धि जस्ता कुराले मान्छेलाई एकपटक पृथ्वीका बारेमा सोच्न बाध्य तुल्यायो। त्यसपछि शुरु भयो दिगो विकासको बहस। संसारको ६ प्रतिशत जनसङ्ख्या भएको अमेरिका एक्लैले पृथ्वीको ३४ प्रतिशत स्रोतको उपभोग गर्दै आएको छ। सामान्य अङ्क गणितीय तरिकाको हिसाब गर्ने हो भने पनि अमेरिकी उपभोग शैली सबै पृथ्वीका जनताले शुरु गरे भने हामीलाई ६ वटा पृथ्वी चाहिन्छ। तर हामीसँग अर्को पृथ्वी छैन। संसारको झण्डै आधा जनसङ्ख्या ओगट्ने चीन र भारतको बढ्दो आर्थिक वृद्धिदर र उपभोग शैलीले सारा संसारलाई चुनौती दिएको छ। साथमा स्रोतमाथिको अधिकार र उपभोगको कारण संसारभरि नै सामाजिक अशान्ति र युद्ध भइरहेको छ। यिनै कुराहरूलाई ध्यानमा राखेर व्यवस्थित रूपले स्रोतको उपभोग गर्ने अवधारणा नै दिगो विकास हो। सामाजिक, आर्थिक र पर्यावरणीय सन्तुलन कायम गर्ने प्रणाली नै दिगो विकास हो। वर्तमान पुस्ताको आपसी समानता र पुस्ता-पुस्ताबीचको समानता नै दिगो विकास हो। शब्द जति सरल छ, यसको कार्यान्वयन भने त्यति नै जटिल छ।

यथार्थमा भविष्यका पिँढीका आवश्यकताहरूसँग सम्झौता नगरीकन वर्तमान पिँढीका आवश्यकता परिपूर्ति गर्नु नै दिगो विकास हो। दिगो विकासको अर्थ भविष्यका पुस्ताका लागि सबै स्रोत साँचेर आफू भने अविकसित भइरहने भन्ने होइन। यसको अर्थ त समाजको आर्थिक विकास, सामाजिक विकास र वातावरण संरक्षणलाई सँगसँगै लाने हो। हामीलाई प्रकृतिले दिएका देनहरूलाई साँवा मान्ने हो भने दिगो विकासको अर्थ साँवा जोगाउने र त्यसबाट आउने ब्याजमात्र खाने हो ।

दिगो विकासलाई टिकाउ विकास तथा धान्न सकिने विकास पनि भन्न सकिन्छ। हालको स्रोतको प्रयोगले भविष्यको वास्तविक आम्दानीमा ह्रास नआओस् भन्ने हो। दिगो विकासको प्रमुख ध्येय, जनसङ्ख्या, स्रोत, वातावरण र विकासबीच तालमेल मिलाउनु हो ।

## रियोमा के भयो ?

सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा भएको वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्र सङ्घीय सम्मेलन (पृथ्वी सम्मेलन)मा जम्मा भएका संसारभरका सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रका नेता र गैरसरकारी संस्थाहरूले पृथ्वीको बिग्रँदो वातावरणको चर्चा गरेका थिए । त्यतिबेला धनी मुलुकहरूले वातावरणको संरक्षणका नाममा गरिब मुलुकहरूमाथि अनेक तवरले गरिरहेका शोषण तथा वातावरण विनाश नहुने खालका प्रविधिमा धनीहरूले कब्जा जमाइरहेको विरुद्ध आवाज उठाइएको थियो ।

लामो छलफलपछि उक्त सम्मेलनले रियो घोषणापत्र, एजेन्डा - २१ र वनसम्बन्धी सिद्धान्तहरू पारित गरेको थियो । दिगो विकासलाई कार्यान्वयन गर्ने कार्ययोजनाका रूपमा रियो घोषणा, जैविक विविधता संरक्षण र एजेन्डा - २१ अगाडि ल्याइएको थियो । एजेन्डा - २१ को पहिला सातवटा अध्यायहरू सामाजिक र आर्थिक विकाससँग सम्बन्धित छन् ।

त्यतिबेला रियो सिद्धान्तअन्तर्गत २७ सिद्धान्त भएको एउटा घोषणापत्र तयार पारिएको थियो । यो घोषणापत्रले वातावरणका समस्या र फाइदाको समान साझेदारीका लागि अन्तर्राष्ट्रिय रणनीति तयार गरेको थियो ।

## लक्ष्य जोहानेसवर्ग

दिगो विकासका लागि विश्व सम्मेलन (रियो+१०) का लागि नेपालमा पनि सरकारी तवरबाट विदेशी सहयोगमा भव्य तयारी भइरहेको छ । मूलतः नेपालका विकासका मूल समस्याहरूको जरो पत्ता लगाएर अगाडि बढ्नु पर्नेमा सरकारले यो मौकालाई एकपटक फेरि भिक्षापत्र बोकेर अर्को एउटा सम्मेलनमा जाने तयारीका रूपमा लिएको छ ।

दिगो अर्थतन्त्रको विकास गर्ने वा अहिलेको अर्थतन्त्रमा ओरालो नलागेसम्म टिकिरहने यी दुईमध्ये सही बाटो रोज्नु नै आजको चुनौती हो । यसमा बीचको कुनै बाटो छैन । यी दुई बाटोमध्ये एउटा हाम्रै पुस्ताले रोज्नुपर्छ, तर हामीले रोजेको बाटोले पृथ्वीको जीवन र हाम्रा भावी पुस्तालाई समेत असर गर्नेछ ।

नेपाल र हामी गरिब नेपालीको भविष्य दिगो विकासका लागि विश्व सम्मेलन जोहानसवर्गसँग पनि गाँसिएको छ । तर यसतर्फ सरकार त्यति सचेत छैन । त्यसैले हामी नागरिकहरू यसप्रति सचेत हुनुपर्छ ।

बितेको दशकमा दिगो विकासका सिद्धान्तहरूलाई व्यवहारमा उतार्ने प्रयासहरू भए पनि तिनका लागि कतिपय व्यवहारिक र आधारभूत चुनौतीहरू देखापरे । रियो सम्मेलनमा उत्तर खोज्ने जमर्को नै नगरिएका विश्वव्यापीकरण र त्यसबाट निक्लेको अन्तर्राष्ट्रिय निर्णय प्रक्रियाको अभाव जस्ता समस्याले दिगो विकासलाई व्यवहारमा उतार्न अप्ठ्यारो देखिएको छ ।

धनी र गरिब दुवैखाले मुलुकहरूले दिगो विकासलाई आफ्ना हरेक क्रियाकलापमा लागू गर्न र यससम्बन्धमा विगतमा गरिएका वाचाहरू पूरा गर्नका लागि धेरै पूर्वाधारको विकास तथा धेरै काम गर्न बाँकी छ। गरिब देशहरूले आफू विकसित हुनका लागि अन्तर्राष्ट्रिय स्रोतहरू, नयाँ प्रविधि र अन्तर्राष्ट्रिय बजारसम्मको पहुँच पाउन बाँकी नै छ। त्यसबाहेक गरिब राष्ट्रहरूले आ-आफ्ना मुलुकमा सुशासन लागू गर्नुपर्ने आवश्यकता त छँदैछ।

अर्कोतिर धनी मुलुकहरूले आफ्ना उपभोग र उत्पादन शैलीमा परिवर्तन ल्याउन आवश्यक छ। किनकि यी दुवै दिगो किसिमका छैनन्। यसबाहेक तिनीहरूले अनावश्यक उपभोग र उत्पादनका लागि प्रयोग गर्ने स्रोतलाई समेत बचाउनुपर्ने देखिन्छ। यी दुवैखाले समस्याको समाधानमा नागरिक समाज र निजी क्षेत्रको पनि ठूलो भूमिका छ।

दिगो विकासका चुनौतीहरू सम्पूर्ण समाजको हो तर संसारभरिकै सरकारहरूले यसका लागि उचित वातावरणको निर्माण गरिदिनुपर्छ। यसैका लागि सन् २००२ को अगस्त (भदौ २०५९) मा दिगो विकासका लागि विश्व सम्मेलन (रियो+१०) दक्षिण अफ्रिकाको जोहानसवर्गमा हुँदैछ। यसमा विश्वभरिकै सरकारहरू, नागरिक समाज, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थालगायतकाहरू सहभागी हुनेछन्। यो सम्मेलनले सन् १९९२ पछि दिगो विकास प्राप्तिका लागि देखिएका समस्या खोज्नेछ र समाधानका उपायबारे छलफल गर्नेछ। उक्त सम्मेलनले सूचना प्रविधिमा आएको क्रान्तिले समाजमा पारेको प्रभावबारेमा अध्ययन गर्नेछ। त्यसका साथै भविष्यका लागि योजना बनाउनेछ।

## के छ मस्यौदा एजेन्डामा

दुई सय छत्तीस पृष्ठ लामो यो एजेन्डालाई मूलतः तीन भागमा विभाजन गरिएको छ। पहिलोमा सामाजिक र आर्थिक विकासअन्तर्गत दशवटा दिगो विकासका उप-शीर्षकहरू समेटिएको छ भने दोस्रोमा संरक्षण र स्रोत व्यवस्थापनअन्तर्गत नौवटा उपशीर्षक राखिएका छन्। यसैगरी तेस्रोमा साझेदारहरूको भूमिकालाई सुदृढीकरण अन्तर्गत आठवटा उपशीर्षकमा विभिन्न मुद्दाहरू केलाइएका छन्।

तीनवटै शीर्षकअन्तर्गत मुद्दाहरूलाई समेट्दा अहिलेको परिस्थिति, नीति, कार्ययोजना, कार्यन्वयनका उपाय, रियो+१० बाट गरिने आशा, योजना कार्यान्वयनको जिम्मेवार पक्ष र समयावधि जस्ता विषयलाई समेटिएको छ।

### *जनसङ्ख्या*

नेपालमा हरेक वर्ष २.५ प्रतिशतका दरले जनसङ्ख्या बढिरहेको छ। पछिल्लो जनगणना २०५८ मा नेपालमा करिब २ करोड ३२ लाख जनसङ्ख्या रहेको छ। त्यसमध्ये करिब ४० प्रतिशत त १५ वर्षमुनिका बालबालिका छन्। सन्तान जन्माउन सक्षम महिलाहरू

(१५ देखि ४९ वर्ष)को सङ्ख्या पनि अत्यधिक छ र वार्षिक ३ प्रतिशतले बढिरहेको छ। त्यसैले हरेक वर्ष २ लाख युवाहरूको श्रमशक्ति थपिन्छ।

जनसङ्ख्या वृद्धिसँगै बेरोजगारी पनि नेपालको समस्या हो। अहिले पूर्ण बेरोजगारको जनसङ्ख्या ५० प्रतिशत छ। त्यसबाहेक भारतबाट नेपाल आउने आप्रवासी भारतीय-हरूले पनि जनसङ्ख्यामा समस्या थपेको छ भने देशभित्रै पहाडबाट तराईमा बसोबास सर्ने प्रवृत्तिले तराईमा मार थपेको छ। त्यसमाथि नेपालबाट भारत र तेस्रो मुलुकमा रोजगारीका लागि जानेहरूको यकिन सङ्ख्या उपलब्ध छैन। तर सन् १९९९ को तथ्याङ्कअनुसार नेपालमा करिब ७ खर्बभन्दा बढी रुपियाँ वार्षिक रूपमा विदेशबाट नेपाल भित्रिने गरेको छ।

सरकारले तयार गरेको दिगो विकासको मस्यौदा एजेन्डामा पहिलो मुद्दाका रूपमा जनसङ्ख्या वृद्धिदरलाई नै उठाइएको छ। जनसङ्ख्या वृद्धिदर घटाउनका लागि विवाहका लागि न्यूनतम उमेरलाई लागू गर्ने भनिएको छ। यसैगरी दुई सन्तानको नीतिलाई कडाइका साथ लागू गर्ने भनिएको छ। तर गरिबले बढी सन्तान किन जन्माउँछन् भन्ने कुरालाई बुझ्ने प्रयास यसमा गरिएको छैन। नेपालमा सामाजिक सुरक्षा उपलब्ध नभएकै कारण गरिबहरू वर्तमान श्रमशक्ति थपिने र भविष्यमा उनीहरूको कमाइ खान पाइने आशाले धेरै सन्तान पाउँछन्। त्यसबाहेक बाल मृत्युदर बढी भएका कारणले सन्तान खेर गइहाल्छ कि भन्ने डरले पनि बढी सन्तान उत्पादन भइरहेको छ। र, जबसम्म यस्ता कुरामा गरिबहरूलाई आश्वस्त गर्न सकिँदैन तबसम्म मस्यौदा एजेन्डाले लिएको लक्ष्य पूरा हुन सक्दैन। अबको सय वर्षपछि नेपालको जनसङ्ख्या ६ करोडमा सीमित गर्ने लक्ष्य लिएबमोजिम मस्यौदा एजेन्डाले भारतीय आप्रवासीहरूको सङ्ख्या कम गर्ने, पहाडबाट तराई र त्यहाँबाट शहरमा हुने बसाइ-सराइ कम हुने उल्लेख गरेको छ। र, त्यसका लागि नेपालीहरूको दक्षता वृद्धिका लागि कार्यक्रम पनि राखेको छ।

## *रक्सीविहीन समाजको चाहना*

नेपालीहरू उपभोग शैलीमा आएको परिवर्तनबाट संसारभरिझैँ नेपालमा पनि प्रदूषण फैलिएको छ। शहर-बजारमात्र होइन, गाउँघर र खेतबारी 'प्रयोग गर र फाल' (युज एन्ड थ्रो) सिद्धान्तका उपजहरू प्लाष्टिक, सिसालगायतका फोहरको चपेटामा पर्न थालेका छन्। यी समस्यालाई मस्यौदाले अर्को शीर्षकअन्तर्गत समेटेको छ। यसरी नै दाउरा, गुइँठाजस्ता इन्धनका स्रोत उपभोग गर्ने परम्परागत नेपाली समाजमा अहिले मट्टितेलजस्ता जीवास्म (fossil fuel) इन्धनहरूको प्रयोग बढ्दैछ। शहर र शहरीकरण जीवास्म इन्धनको प्रकृयासँगै बढ्दो प्रयोगले वायु प्रदूषण बढ्दो छ। यो समस्यालाई मस्यौदाले गम्भीर रूपमा लिँदै यसको विकल्पका रूपमा बायोग्यास, बिजुलीजस्ता नवीकरणीय ऊर्जालाई अगाडि सारेको छ। यसैगरी मस्यौदा प्रतिवेदनमा पाइपबाट आपूर्ति गरिने पानीलाई सुरक्षित पानीको संज्ञा दिँदै करिब ६१ प्रतिशत नेपाली जनता

(६० प्रतिशत ग्रामीण र ६२ प्रतिशत शहरीया)ले त्यस्तो सुरक्षित पानी पिउन पाइरहेको दाबी पनि गरिएको छ । मस्यौदा प्रतिवेदनले समस्याका रूपमा अन्य अन्नबाट भात खाने प्रचलन बढ्नुलाई पनि लिएको छ। अरू देशमा भने भात छोडेर अरू अन्न खाने प्रचलन बढेको छ। तर मस्यौदाले नेपालको ठूलो समस्याका रूपमा अन्न कुहाएर जाँड, रक्सी बनाउने प्रचलन, लागू पदार्थ एवं रक्सीको बढ्दो उपभोग र वनमाथि निर्भरतालाई लिएको छ। त्यसमाथि जाँड-रक्सीसँग सामाजिक, धार्मिक र सांस्कृतिक सम्बन्ध जोडिएको नेपाली समाजलाई रक्सीविहीन समाज बनाउने परिकल्पना गरिएको छ, त्यो कति सम्भव छ ? यो प्रश्न भने अनुत्तरित छ ।

## *अन्यौलग्रस्त मानव बसोबास*

शहरीकरण मानव सभ्यताको सूचाङ्क हो । आर्थिक, शैक्षिक र सामाजिक उन्नतिसँगै मानिस शहर पस्न थाल्छ । यो नियमित प्रक्रिया हो, गतवर्ष गरिएको जनगणनाको तथ्याङ्क हेर्दा १४.२ प्रतिशत नेपालीहरू ५८ वटा शहरमा बसोबास गर्छन् र शहरीकरणको दर झण्डै वार्षिक १० प्रतिशतले बढिरहेको छ ।

यसरी बढिरहेको शहरीकरणलाई व्यवस्थित र दिगो बनाउन सकिएन भने यसले समस्याहरू निम्त्याउने छ । एक/दुईवटा बसोबास क्षेत्रलाई छोड्ने हो भने हाम्रो शहरीकरणको कुनै योजना छैन। खानेपानी, बिजुली, टेलिफोन, सुरक्षा, स्वास्थ्यजस्ता सबै पूर्वाधारहरूको योजनाबिना नै भइरहेको हाम्रो शहरीकरणले अरू थुप्रै काठमाडौँहरू जन्मिने छन्। अव्यवस्थित शहरीकरणको राम्रो नमुना भइरहेको काठमाडौँमा भूकम्प र आगलागीजस्ता प्राकृतिक प्रकोप भएमा के हालत हुनेछ भन्न सकिँदैन ।

हाल विकसित साना शहरमा समेत कुनै योजना नै छैन । कुन क्षेत्र र कस्तो जमिनमा बसोबास हुनुपर्छ भन्ने रणनीति छैन। शहरमा १५ प्रतिशत मानिस अझै टुकी बाल्छन्, ५८ प्रतिशतले मात्र धाराको पानी पिउँछन् र ७६ प्रतिशतसँग मात्रै शौचालय छ । यो अवस्थामा फोहरमैला व्यवस्थापनको समस्या त झन् जटिल छ ।

यस्तो जनसङ्ख्या शहरमा बसाइ सर्दा पनि गाउँको जनसङ्ख्या वर्षेनी १.२ प्रतिशतले बढिरहेको छ । तथ्याङ्कले के भन्छ भने उनीहरूको प्राकृतिक स्रोतमाथिको निर्भरता झन्-झन् बढ्दै गइरहेको छ। सामुदायिक वन नीतिपछाडि वन संरक्षणमा क्रान्ति भएको भन्दाभन्दै पनि नेपालको वन विनाश दर वार्षिक १.६ प्रतिशत छ, जुन दक्षिण एशियामा सबैभन्दा बढी हो । यसको मुख्य कारण वनमाथिको निर्भरतलाई नै लिन सकिन्छ ।

झन् हाम्रो गाउँ क्षेत्रमा त कुन जग्गामा घर बनाउने, कहाँ खेती गर्ने भन्ने कुनै योजना नै छैन । चीन र थाइल्याण्डले समेत गत वर्षदेखि जग्गासम्बन्धी नयाँ नीति ल्याएर ३० डिग्रीभन्दा बढी भिरालो पाखामा कुनै क्रियाकलाप गर्न नपाइने भनेर रोक लगाएका छन्। तर हाम्रोमा त कतिपय बस्तीका बासिन्दाहरू ५०/६० डिग्री भिरालोमा जीवन निर्वाह गरिरहेका छन्। जसका कारण बाढी पहिरोबाट जनधनको क्षति हुनुका साथै भू-क्षय पनि बढिरहेको छ। भनिन्छ, २५ डिग्रीभन्दा बढी भिरालो जग्गामा खेती

गर्दा लगानी पनि उठ्दैन । व्यवस्थित पूर्वाधार निर्माण गरी सेवा पुऱ्याउनसमेत गाउँ निकै महँगो सावित भएको छ । नेपाल दिगो विकास एजेन्डाले यस विषयमा केही कुराहरू उल्लेख त गरेको छ, तर यसमा रहेको नीतिगत दुविधाले गर्दा यही नै हुन्छ भनेर भन्न सकिने स्थिति छैन ।

जनसङ्ख्या वृद्धि भएको खण्डमा गाउँबाट शहर बसाइ सर्नेलाई नै रोजगारी सिर्जना गरेर रोक्नुपर्छ भनिएको छ भने व्यवस्थित शहरीकरणलाई पनि जोड दिइएको छ । शहरीकरण नियमित हो भन्ने कुरालाई स्वीकार गर्ने हो भने यो 'विकासे गीता'लाई कार्यान्वयन गर्ने बेलामा कुनचाहिँ नीतिलाई पहिलो प्राथमिकता दिने भन्ने कुरामा अन्यौल हुनसक्छ । किनकि व्यवस्थित शहरीकरणलाई अगाडि बढाएर सस्तो र सुलभ रूपमा पूर्वाधार निर्माण गर्ने उद्देश्यले शहरीकरणलाई प्रोत्साहन गर्ने वा मान्छेलाई गाउँमा नै रोक्ने प्रयास गर्ने ?

## *कृषि*

सन् १९५० तिर नेपाल दक्षिण एशियामा सबैभन्दा बढी खाद्यान्न बचत गर्ने राष्ट्र थियो । अहिले ५० वर्षपछाडि सबैभन्दा कम खाद्यान्न उत्पादन गर्ने राष्ट्रहरूमध्ये एक हो । सन् १९८० ताका नेपालले भारतमा खाद्यान्न निकासी गर्थ्यो भने अहिले भारतबाट आयात गर्छ । अझै जनसङ्ख्याको ७५ प्रतिशत मानिस कृषि क्षेत्रमा निर्भर छन् भने ३८ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि बसिरहेका छन् । यी तथ्याङ्कहरूको सोझो अर्थ हो, कृषि आत्मनिर्भरताविना नेपालको न त विकास, न त गरिबी निवारण नै सम्भव छ ।

पन्ध्र वर्षअगाडि हिमाली क्षेत्रका १६ मध्ये ३ जिल्ला खाद्यान्नमा आत्मनिर्भर थिए । हाल १६ वटै जिल्लाले खाद्यान्न आयात गर्छन् । पहाडका ३९ मध्ये ३३ जिल्ला खाद्यान्न आयात गर्छन् भने तराईका २० मध्ये ६ जिल्लामा खाद्यान्न उपभोगभन्दा उत्पादन न्यून छ । पहिलो पञ्चवर्षीय योजनादेखि दशौँसम्म आइपुग्दा पनि कृषि विकास र गरिबी पहिलो प्राथमिकता क्षेत्रहरू रहिआएका छन् । यो तथ्यले के देखाउँछ भने विगत ५० वर्षदेखि योजनाविद्हरूद्वारा बनाइएको हाम्रो विकास रणनीति पूर्णरूपमा असफल छ । यसको जिम्मेवारी यस बीचमा नेतृत्व गर्ने राजनीतिज्ञ, योजनाविद् र कृषिविद्हरूले लिनै पर्छ ।

यो असफलताका केही कारणहरू यी हुन सक्छन्:

- कृषि प्राविधिक उत्पादन गरिए पनि कृषकमा प्रविधि हस्तान्तरण हुन सकेको छैन । (...)
- पहाडको टुप्पोसम्ममा बस्ने किसानलाई पशुपालनको नाममा जग्गा धितो लिएर ऋण उपलब्ध गराइयो । त्यसबाट किसानले भैँसी किनेर दूधभात त खाए होलान् तर दूधबाट कुनै अवसर सिर्जना भएन । अन्त्यमा भैँसी मरेपछि किसान जग्गाविहीन सुकुमबासी बने । यस्ता नीतिले गरिब किसान उँभो लगाउने होइन कि झन् गरिब र सुकुमबासी बनाउँदै गयो ।

- कस्तो जग्गामा कस्तो खेती गर्ने भन्ने कुनै योजना थिएन र छैन । परिणाम भू-क्षय, कृषि लगानीमा घाटा र वन विनाश बढ्दै गयो ।
- विकासको नाममा विषादी दिएर दिगो र परम्परागत कृषि प्रणालीको अन्त्य गरियो । (...)

मस्यौदा एजेन्डामा माथि उल्लेख गरिएका समस्याहरूलाई समाधान गर्न काम गर्नुपर्छ त भनिएको छ तर तिनीहरूको सम्भावना र समस्या के हुन सक्छन् भन्नेतर्फ कतै उल्लेख छैन । अझ विकासे रणनीति र परिस्थितिहरूले कसरी कृषिलाई न्यून उत्पादक क्षेत्रका रूपमा परिणत गरिरहेका छन् भन्ने पनि छैन । केवल २० वर्षे कृषि नीतिको कार्यान्वयनका लागि लगानी खोज्ने कुरातर्फबाट जोड दिइएको छ । (...)

## ढल संस्कृति

एक दशकअगाडिसम्म जीवित रहेका काठमाडौँका वाग्मती, विष्णुमतीजस्ता नदी अहिले मरिसकेका छन् । त्यसको मुख्य कारण प्रदूषक उद्योगमात्र होइनन् (मस्यौदा प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालभरका कुल प्रदूषक उद्योगमध्ये ७२ प्रतिशत काठमाडौँमा छन्) । यसको कारण त अव्यवस्थित र खतरनाक रूपले बढ्दो शहरीकरण र त्यहाँका घरहरूले मलमूत्र आदि सीधै नदीमा फाल्नु हो ।

कुनै बेला काठमाडौँमा सेप्टिक ट्याङ्की साह्रै प्रचलित थियो तर विकास गर्नका लागि सरकारले केही बनाउनुपर्छ भन्ने मान्यतानुसार स्थानीय र केन्द्रीय सरकारले काठमाडौँका हरेका बस्तीमा ढल संस्कृति थोपरे । तिनै सरकारहरूले बनाएका ढलहरू तिनैको पहलमा सीधै नदीमा खसालिन्थे । सरकारको यही नीतिका कारण आज काठमाडौँका नदी मरेका हुन् र यो क्रम जारी छ । नेपालका नदीनालालाई बचाउने हो भने सबैभन्दा पहिला ‘ढल संस्कृति’बाट मुक्ति पाउनुपर्छ । तर यसबारेमा मस्यौदा एजेन्डामा उल्लेख गरिएको छैन बरु यसरी अनियन्त्रित रूपमा फालिएका ढल प्रशोधन गरिनुपर्ने महँगो नारा लगाइएको छ । प्रदूषित पानी प्रशोधन गरेर नदीमा फाल्ने अवधारणा कुनै नयाँ होइन, सन् १९७० को दशकमै शुरु भएको हो । (...)

यसैगरी वीरगञ्ज, विराटनगरजस्ता औद्योगिक शहरमा उद्योगहरूलाई आफ्नो फोहर पानीलाई आफैँले सफा गराउनेतर्फ जिम्मेवार बनाउनुको सट्टा दाताबाट डलर खोजेर सामूहिक ट्रिटमेन्ट प्लान्ट बनाउने योजना यो मस्यौदा प्रतिवेदनमा राखिएको छ । आफ्नो उद्योग कानूनी बाध्यतास्वरूप प्रशोधनशाला राख्ने, तर तिनलाई नचलाई फोहर पानी खोलामा नै फाल्ने नीतिले कानूनप्रति अवहेलना त बढाउँछ नै, पानीजस्ता प्राकृतिक सम्पदालाई उद्योगपतिको नजरमा मूल्यहीन बनाउँदै लान्छ । यसर्थ, फोहर पानी फाल्ने उद्योगलाई वातावरणप्रति जिम्मेवार बनाउने नीति लागू गर्न उचित हुन्छ ।

## जल तथा शक्ति

स्वच्छ पिउने पानी संसारकै चुनौती हुन थालेको छ । वन विनाशका कारण पानी स्रोतहरू सुक्दै जानु, भएका स्रोत पनि प्रदूषित बन्नु र जनसङ्ख्या वृद्धिजस्ता कारणले गर्दा पानीको अभाव हुँदै गएको छ । नेपालमा पानीको समस्या भने छैन, तर यसको व्यवस्थित उपभोगको भने खाँचो छ । ग्रामीण क्षेत्रमा अझ पनि जनसङ्ख्याको ठूलो भाग सुरक्षित खानेपानीबाट बाहिरै छ भने काठमाडौँलगायत थुप्रै नयाँ शहरहरूमा समेत खानेपानी व्यवस्थित हुन सकेको छैन ।

पानीको उपभोग गर्ने अर्को क्षेत्र कृषिमा पनि 'सिँचाइ' पुग्न सकेको छैन । कृषिको उत्पादकत्व बढाउन सिँचाइमा जति खर्च गरिए पनि त्यसको प्रतिफल उत्साहजनक छैन । परम्परागत रूपमा व्यवस्थित रूपले समुदायले सञ्चालन गर्दै आएका सिँचाइ प्रणालीहरू बन्द हुँदै गएका छन् ।

हामीसँग भएको पानीको स्रोतलाई मात्रै मूल्याङ्कन गर्ने हो भने नेपाल 'स्वच्छ खानी' भन्दा हुन्छ । झण्डै ४२ हजार मेगावाट बिजुली आर्थिक तथा भौतिक रूपले उत्पादन गर्न अवस्था छ भनिन्छ । तर मुस्किलले हामीले १ प्रतिशतभन्दा कम बिजुली उत्पादन गरिरहेका छौँ । अझ स्पष्टसँग भन्ने हो भने ८५ प्रतिशत मानिसहरू अझै टुकीमुनि बस्छन् र सरकारको विकास बजेटको आधा २५ अर्ब रुपियाँ पेट्रोलियम पदार्थ किन्नमा खर्च हुन्छ । (...)

विदेशीको लगानीमा महँगोमा बन्ने ठूला विद्युत आयोजनाका कारण नेपालको विद्युत महसुल संसारकै महँगो महसुलको रूपमा मानिन्छ । त्यसका साथै भारत वा चीन निकासी गर्ने भनेर जुन सपना देखाइन्छ, यथार्थ बिल्कुल फरक छ । चीनले आफै धेरै सस्तोमा बिजुली उत्पादन गरिरहेको छ भने भारतले पनि सस्तो मूल्यमा कोइलाबाट बिजुली उत्पादन गरेको छ । यी दुवै मुलुक अत्यधिक बिजुली आफैँ उत्पादन गर्ने अवस्थामा पुगेकाले नेपालको बिजुलीको विशेष बजार प्रायः समाप्त हुँदैछ ।

यस्तोमा एउटै मात्र विकल्प के हो भने स्थानीय उपभोक्तालाई समेत उपभोग गर्न सक्ने गरी बिजुली उत्पादन गर्नु, जसका कारण औद्योगिक विकास तथा कृषिमा आमूल परिवर्तन हुन सकोस् साथै उपभोक्ताको आर्थिकस्तरमा वृद्धि पनि होस् । जसका कारण उत्पादित बिजुलीले उपभोग गर्न सक्ने उपभोक्ताहरू पनि पाउन सकोस् । हाम्रो सरकारले ल्याएको दिगो विकासको अवधारणासहितको विद्युत नीतिमा सबै समस्याहरूको मूल्याङ्कन गरिए पनि सुझाव र योजनाहरू पुरानै शैलीमा बाहिर आएका छन् ।

मन्त्रीपरिषद्ले पारित गुर्नपर्ने यो मस्यौदा प्रतिवेदनको अर्को ठूलो कमजोरी विभिन्न शीर्षक र उपशीर्षकको तयार गरिएका एजेन्डाहरूबीच एकरूपता नहुनु हो । नेपालको दिगो विकास कस्तो हुने भन्न स्पष्ट धारणा यसमा छैन ।

हाम्रो मानसिकताअनुरूप नै यो एउटा अन्यौलग्रस्त सोचाइको अन्यौलपूर्ण प्रतिफलमात्र बन्न पुगेको छ । एकपछि अर्को एजेन्डाहरू तय गरिएका छन्, त्यस

पछाडिका कारणहरू तर्कसङ्गत रूपमा पनि दिइएको छ । तर समग्रमा हेर्दा साँच्चै नै साकार हुनसक्ने एउटा ठोस परिकल्पना भने यसमा छैन ।

यसबाहेक यो मस्यौदा एजेन्डालाई मन्त्रीपरिषद्ले स्वीकृत दिएर दाताहरूले डलर खन्याए भने पनि यो लागू होला भन्ने कुरामा शङ्का गर्नसक्ने प्रशस्त ठाउँहरू छन् । हाम्रा अनेकन योजना परियोजना जसरी नै यो 'विकासे गीता' पनि दिगो विकासका लागि विश्व सम्मेलनपछि सिंहदरबारका अनेकौँ दराजहरूमा अनेकन योजनासँगै कोचिएर बस्ने कुरालाई आज नै भन्न सकिन्छ । ♦